## धनगढी उप-महानगरपालिकाको तेस्रो नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ को बार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य कार्यक्रम

यस नगरसभाका सभाअध्यक्ष ज्यू नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, कर्मचारी, नगरबासी आमा, बुवा, दिदी बहिनी दाजु भाई, पत्राकार ज्यूहरु

सर्वप्रथम यस नगरसभाको महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात प्रात:स्मरणीय शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुका साथै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु । त्यसै गरी  राष्ट्रियताको स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको संघर्ष गर्नु हुने नेपाली नागरिक त्यसको नेतृत्व गर्न हुने राजनीतिक शिखर व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।

**नगर सभाका अध्यक्ष ज्यू**

तेस्रो नगरसभामा उप महानगरपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई खुशी लागेको छ । सुसंस्कृत, सुन्दर र समृद्ध प्रदेश नं. ७ को राजधानी धनगढी नगरको विकासमा प्रत्यक्ष र अप्रक्ष सहयोग र समर्थन गर्नुहुने सम्पूर्ण महानुभावलाई हार्दिक आभार प्रकट गर्दछु ।

लामो संघर्ष पछि नेपाली जनताको चाहना अनुरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशी कार्यप्रणाली, सामाजिक न्याय जस्ता संवैधानिक प्रावधानका फलस्वरुप स्थानीय निकायको निर्वाचन पश्चात तेस्रो नगर सभामा उपस्थित सम्पूर्ण नगर सभाका सदस्य ज्यूहरु, स्थानीय तहको निर्वाचन २०७४ पश्चात हामी जन प्रतिनिधीहरु यस उप महानगरपालिकामा आई सके पछि नगरवासीका भावना र आवश्यकताको उच्च सम्मान गर्दै यस धनगढीलाई सुन्दर, स्वच्छ र समृद्ध उप महानगर बनाउने अभियानका साथ "समुन्नत धनगढी उपमहानगरपालिका,समृद्ध नगरवासी"को नारा लिई सोही अनुरुपको उप महानगर वनाउने दिर्घकालिन उद्देश्य राखी आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अगाडी वढन मन वचन कर्मले सधैं प्रतिवद्ध र कटिवद्ध थियौं रहिरहन समेत यहाँहरु सबैमा अपिल गर्दछु ।

**नगर सभाका अध्यक्ष ज्यू**

धनगढी उप महानगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को बार्षिक नीति बेजेट तथा कार्यक्रम तर्जूमा गर्दा स्थानीय तहले अवलम्वन गर्नु पर्ने प्रक्रिया पुरा गरी आएका नगरवासीहरुका मागहरुलाई उप महानगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयत्न गरेकाछौं । योजना तर्जूमा गर्दा नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जूमा दिग्दर्शन २०७४, राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्ग निर्देशन, संघीय सरकारको बजेट तथा कार्यक्रमका साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्गदर्शनलाई पूर्णत: अवलम्बन गर्दै यो नीति,कार्यक्रम तथा बजेट तयार गरिएकोछ । नीति तथा कार्यक्रम निर्माणका लागि चालु त्रिवर्षीय योजना, वडासमितिहरु, विभिन्न लक्षित समूहहरु, राजनैतिक दलहरु, बिषयगत शाखाहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सम्वन्धित क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु लगायतबाट प्राप्त सुझाव एवं वडास्तरीय भेलाबाट छनौट भई प्राथमिकिकरणको आधारमा नगरकार्यपालिकाको बैठकबाट सिफारिस भई आएका योजनाहरुलाई नगरसभामा पेश गरिएको छ ।

राजस्वका दरहरुमा नगरस्तरीय राजस्व परामर्श समितिको प्रतिवेदनको आधारमा नगरकार्यपालिकाको बैठकबाट सिफारिस भई आएका दरहरुलाई यस नगरसभामा पेश गरिएकोछ । जस अनुसार कर, शुल्क तथा दस्तुरमा संसोधन गरि करको दायरा फराकिलो गरिएको छ भने एकिकृत सम्पति करका दरहरुमा संशोधन गरी एकिकृत सम्पत्ति लगाएत अन्य करको दरलाई घटाइएको छ ।

स्थानीय सरकारको भूमिका निर्वाह गरिरहेको यस उप महानगरपालिकाले सिमित श्रोत साधनबाट काम गर्नुपर्ने चुनौति हुदाँ हुदै पनि चालु आ.व.२०७४।०७५ मा नगरवासीहरुको हित र सुविधाका लागि शहरी सुशासन, सामाजिक विकास एवं भौतिक पूर्वाधार निर्माण तथा श्रोत परिचालन गरि पर्यटन क्षेत्रको विकासका सम्बन्धमा केहि अनुभूतियोग्य कार्य गर्ने प्रयास गरिएको छ ।

नगरपालिकाले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ चुस्त दुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकासका कार्यहरुमा नगरवासी प्रतिको जवाफदेहितामा बृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियाका लागि सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिईएको छ भने सञ्चालित योजनामा उपभोक्ता समितिका सरोकारवालालाई जनता प्रतिको जवाफदेहीता वृद्धि गर्न सामाजिक परीक्षण कार्यलाई  प्रभावकारी बनाउदै लगिएको छ ।

यस धनगढी उप महानगरपालिकाले स्थानीय तहको निर्वाचन पश्चातको पहिलो बर्षमा  ७ (सात) वटा ऐनहरु तथा १३ (तेह्र) वटा कार्यविधि निर्माण गरि उपरोक्त ऐन तथा कार्यविधि अनुसार कार्य संचालन भईरहेको छ । जनताका गुनासाहरु सुन्नका लागि टोल फ्रि नं.(०९१ ५२७७७७) को व्यवस्था गरिएको छ, गुनासाहरुको सुनुवाई यथाशिघ्र ब्यवस्थापन गर्ने व्यवस्थाका लागि अधिकार

सम्पन्न समिति समेत बनाई कार्यान्वयनमा लगिनुका साथै गुनासो र सुझाव व्यवस्थापनको लागि गुनासो ब्यवस्थापन कार्यविधि २०७४ कार्यपालिकाबाट स्वीकृत गरि कार्यविधि अनुसार कार्यालयमा गुनासो सुन्ने अधिकारी तोकी गुनासो अभिलेखिकरण गरि गुनासाहरुलाई सम्बोधन गर्ने कार्यको उचित ब्यवस्था गरिएको छ । नगरबासीहरुको सूचनामा सहज पहुँच होस भन्ने उद्देश्यले धनगढी उप महानगरपालिकाले आफ्नो मोवाईल एप बनाई कार्यान्वयनमा समेत ल्याएको छ । कार्यालय परिसरमा सुझाव पेटीका राखनुका साथै प्रत्येक वडा कार्यालयमा सुझाव पेटीका राखी अनुगमन गर्ने कार्यको सुव्यवस्था गरि कार्यपालिका तथा नगर सभाका सूचना प्रवाह व्यवस्थापनको लागि नगर प्रवक्ताको ब्यवस्था गरिएको छ । कार्यालयको सूचनाहरु आम नगरबासीमा सहज रुपमा पुर्याउने कार्यका लागि हाम्रो धनगढी मोवाईल एप्लीकेशन, डिजिटल सूचना पाटी, सूचना अधिकारीको समेत व्यवस्था गरि कार्यपालिकाका सम्पूर्ण सूचनाहरुलाई न.पा.को वेव साईटमा राख्ने व्यवस्था गरिएको छ भने प्रत्येक वडा कार्यालयमा प्रवक्ताको चयन गरिनुका साथै सूचना अधिकारीहरुको समेत ब्यवस्था गरिएको छ । यसका साथै कार्यालयमा आउने सेवाग्राहीलाई सहयोग पुऱ्याउने उदेश्यले हेल्प डेस्क तथा नागरिक वडापत्रको व्यवस्था समेत भैसकेको छ । कार्यालयको लेखा, राजस्व सम्बन्धि कार्यहरुमा सफ्टवेयर जडान गरि कम्प्युटरिकृत गरिसकिएको छ भने ठूला प्रकृतिका योजनाहरुमा हुने ठेक्का बन्दोवस्तका लागि E-bidding प्रक्रियामा समेत गई सकेका छौ । प्रत्येक वडामा वडा कार्यालयको स्थापना गर्ने कार्य सम्पन्न भई सकेको छ भने दुई ठाउँमा सूचना केन्द्र हव समेत राखिएको छ । यसका साथै सबै वडाहरुमा नेटवर्किङ्गको कार्यलाई यसै बर्ष देखि अझ चुस्त दुरुस्त र प्रभावकारी बनाउने कार्यको थालनी भै सकेको छ ।

नगरपालिकाको फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन निजी क्षेत्र संग साझेदारी गरी सो कार्यलाई निरन्तरता दिईएको छ भने स्रोतमा फोहोरमैला वर्गिकरण गरी फोहोर न्यूनिकरण गर्न विभिन्न टोलवस्तीहरुमा सचेतनामूलक कार्यक्रम सञ्चालन समेतमा निरन्तरता दिईएको छ । प्रमुख शहरी एवं आवसीय क्षेत्रहरुमा सडकवत्ति व्यवस्थापन कार्यका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सौर्य सडक बत्तिको जडान कार्यलाई अगाडी बढाएको छ भने सौर्य उर्जा सहितको बस बिसौनीको स्थापना गर्नका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार निजी क्षेत्र संग सम्झौता भै कार्य अगाडी बढाएको छ । उप महनगरपालिकाको विभिन्न भागमा छाडारुपमा छाडिएका चौपायाहरुको उचित ब्यवस्थापन गरिएको छ भने यसै उप महानगरपालिका क्षेत्र भित्र देवरिया सामुदायिक वन, फुलवारी तथा बेहडा बाबा क्षेत्रमा गौशालाको निर्माण समेत गरिएको छ ।

**भौतिक अवस्था,**

उप महानगरपालिकाको समष्ठिगत भौतिक पूर्वाधार तर्फ हालसम्ममा कालोपत्रे सडक १५० कि.मी., ग्रावेल सडक २२५ कि.मी. तयार भैसकेको छ । वडा नं १३ र १६ मा नयां वडा कार्यालयको भवन निर्माणको कार्य प्रारम्भ गरेका छौ । स्वास्थ्य तर्फ प्रादेशिक आयुर्वेद चिकित्सालय निर्माणाधिन चरणमा रहेको छ र बेली शहरी स्वास्थ्य केन्द्रलाई अभिबृद्धि गरि अस्पतालका रुपमा विकास गरि कर्मचारीहरुको समेत व्यवस्था गरिएको छ । अधिकांश वडामा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना भईसकेको छ र बाँकी वडाहरुमा समते शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिने छ । उप-महानगरपालिका क्षेत्रमा एउटा सपिङ्ग कम्प्लेक्स निर्माण भैसकेको छ भने एउटा सपिङ्ग कम्प्लेक्स निर्माणाधिन अवस्थामा रहेकोछ । बसपार्क टर्मिनल भवन निर्माण सम्पन्न भै संचालनमा रहेकोछ भने बसपार्क निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

**बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघीय सरकारले अंगिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्रथमिकताहरु,
- संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वितिय नीतिहरु,
- प्रदेश सरकारले अंगिगार गरेका आर्थिक तथा वित्तिय नीतिहरु
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय सरकार संचालन ऐन २०७४ ,
- संघीय सरकार बाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- माननिय सांसदज्यूहरु, राजनैतिक दलहरुबाट प्राप्त सुझाबहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझाबहरु,
- राजस्व परामर्श समितिको प्रतिवेदन
- श्रोत तथा बजेट सिमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु
- बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिशहरु
- नगरपालिकाका विभिन्न विषयगत समितिका सिफारिशहरु

- विगत बर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न बिषयगत विज्ञहरु संग छलफल गर्दा प्राप्त सुझावहरु
- विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय सल्लाह तथा सुझावहरु

बजेट बिनियोजन गर्दा प्रत्येक वडालाई ५० लाख सम्म समानरुपमा र बाँकी रकम जनसंख्या तथा भूगोल राजस्व संकलन र बिकासको अबस्थालाई आधार मानी क्रमश: ४०,२०,२०,२० प्रतिशतको अनुपातमा भार दिई बजेट बिनियोजन गरिएकोछ । लक्षित वर्गलाई न्यायोचितरुपमा सम्बोधन हुने गरि बजेटलाई बिनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिईएको छ ।

**उप-महानगरपालिकाले आर्थिक बर्ष २०७५/०७६ देखी अवलम्वन गर्ने गरी तयार गरेका नगर विकासका नीति तथा कार्यक्रम बजेटका समान्य उद्देश्यहरु निम्नानुसार रहेकाछन् :**

- नगर क्षेत्र भित्रका सम्पूर्ण सडकहरुलाई नियमित मर्मत सम्भार गरी बाह्रै महिना संचालनमा ल्याउने व्यवस्था गर्ने ।
- नगरमा विद्युतको सुदृढीकरण, बैकल्पिक उर्जा लाई प्रवर्द्धन गर्ने ।
- नगरवासीका जीवनयापनका न्यूनतम आधारभूत आवश्यक्ता परिपूर्ति गर्दै गरिवी विपन्नता पछौटेपन अन्त्य गर्ने ।
- नगर क्षेत्रभित्रको श्रोत, अवसर र क्षमताको उच्चतम उपयोग गरी आर्थिक तथा मानवीय विकास गर्ने ।
- सामाजिक तथा संस्कृतिक रुपान्तरण **"स्वस्थ्य र सभ्य संस्कृति सामाजिक सुसम्वन्ध सुधारको नीति"** अवलम्बन गर्ने ।
- नगर क्षेत्र भित्रका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकास लागि अध्ययन अनुसन्धान गर्ने तथा प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने ।
- सामुदायिक सृजनशीलता र उद्यमशीलताको प्रवर्द्धन र विकास गरी जनसहभागितामा आधारित सामुदायिक विकास गर्ने ।
- नगरको सम्पदाको रुपमा रहेका थारु लगायत विभिन्न समुदायको कला, संस्कृति, साहित्यको प्रर्वद्धन तथा संरक्षण गर्ने ।
- नगर भित्र विद्यमान जाति, धर्म, प्रथा, परम्परा रीति तथा संस्कारका नाममा हुने विभेद शोषण, अन्याय अन्त गरी मानवतामा आधारित समाज निर्माण गर्ने नीति लिईने छ ।
- नगर क्षेत्रका विविध जातजाती समुदायको भाषा, संस्कृति, साहित्य, कला, चलचित्र सम्पदाको संरक्षण एवं प्रर्वद्धन गर्ने ।

## बजेट तथा कार्यक्रमका प्राथमिकता क्षेत्र

- पूर्वाधार विकास (सुधारिएको सडक)
- कृषिमा आधुनिकीकरण तथा ब्यवसायिकरण
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- उद्यम र सहकारीताको विकास
- मानव संसाधन र सामाजिक विकास
- पर्यटन प्रवर्द्धनको क्षेत्रमा विशेष जोड
- सामुदायिक वनकाको संरक्षण तथा ब्यवस्थापन
- प्राकृतिक विपद ब्यवस्थापन पूर्व तयारी

## १. आर्थिक विकास तर्फः

### कृषि

- Organic खेतीलाई प्रोत्साहन गरी बगर खेतीलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।
- क्वारेन्टाईन चेकपोष्ट स्थापना गरी अनियन्त्रीत रुपमा आयात भई रहेका अस्वस्थ तरकारी लगायत खाद्य पदार्थ आयातमा नियन्त्रणको लागि आवश्यक पहल गरिने छ ।
- एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणलाई अगाडी बढाउन आवश्यकता अनुसार वडामा एक जे.टि.ए. राख्ने ब्यवस्था मिलाईने छ ।

- उपलब्ध स्थानीय स्रोत, श्रम सीप र पूँजीको सामूहिक रुपमा परिचालन गरी उत्पादकत्वको अभिवृद्धि गरि नगरक्षेत्रको दिगो र समतामुलक आर्थिक विकास गरिनेछ ।
- बनस्पती खेतीका कार्यक्रमहरु संचालनमा ल्याईने छ जस अनुसार कुरिलो, ध्युकुमारी, अमला, वेल, रुद्राक्ष जस्ता वनस्पती खेतीलाई प्रोत्साहन दिईने छ ।
- माटोको उर्वरा शक्ति र किसिम परीक्षण गर्ने कार्यका लागि यस आ.व.मा वडा नं. ७, ९ र १७ मा माटो परीक्षण कार्य भैसकेकोमा क्रमश : सबै वडामा माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- प्रत्येक घर धुरीलाई आम, अम्बा, लिची जस्ता फलफूलका बिरुवा निशुल्क बितरण गरिनेछ भने आ.व. २०७५।०७६ मा एक घर २ फलफूलका बोट बिरुवा बितरण कार्यक्रम लागु गरिनुका साथै थप २ फलफूलका बिरुवा सम्बन्धित घरधनीले लगाउने पर्ने अनिवार्य ब्यबस्था मिलाईने छ ।
- धनगढी उप-महानगरपालिका वा.नं. १२ मा द्वारिका देवी कृषि अनुसन्धान केन्द्र स्थापना गरिने छ ।
- धनगढी उप महानगरपालिका क्षेत्र भित्र कृषिका लागि साना सिचाई कार्यक्रमहरु संचालन गरिने छ ।

## पशु विकास सेवा

- नश्ल सुधारका लागि कृतिम गर्भाधान सेवालाई निरन्तरता दिदै स्थानीय बहरहरुको बन्ध्याकरण गरि कृतिम गर्भाधान सेवा बृद्धि गर्न जनचेतनाका कार्यक्रम संचाल गरिनुका साथै प्राईभेट पाराभेट तथा पशु सेवाका सरकारी प्राविधिकहरुको क्षमता अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- पशुधनको सुरक्षा गर्न पशु विमा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरिने छ ।
- सामुदायिक छाडा पशुहरुको उपचार, भ्यक्सीनेसन तथा कृतिम गर्भाधान गरिने छ । साथै छाडा (सामुदायिक)चौपायाहरुको उचित ब्यवस्थापन गरि भविश्यमा छाडा (सामुदायिक)चौपायाहरु रहित नगरपालिका बनाउने नीति लिईने छ ।
- नगरक्षेत्रमा ब्यवस्थित पशु बधशाला निर्माण गरिने छ भने हाल संचालित बधशालाहरुको उचित व्यवथापन गरि नियमित अनुगमन समेत गरिने छ ।

## पर्यटन विकास

- कैलाली नाला, सुकुटी नाला, मोहना नदी किनारमा साइकल ट्याक निर्माण गर्ने नीति लिईनेछ ।
- वडा नं. १३, ६, ४ र ५ मा रहेको सामुदायिक वन भित्रवाट वग्ने कैलाली खोला सहितको क्षेत्रलाई संरक्षण गरि सामुदायिक वनलाई स्थानीय उद्यान वनाइनुका साथै पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने तथा त्यसको वरिपरि साईकल ट्याक निर्माण गरिने छ ।
- वडा नं. ३ को सामुदायिक वन क्षेत्र देखि शिवपुरीधाम, जाखोर ताल हुदै वेहडावावा सम्म विभिन्न मठ मन्दिर जोडदै सांस्कृतिक साईकल ट्याक निर्माण गर्ने कार्य अगाडी बढाईने छ ।
- धनगढी उप-महानगरपालिका क्षेत्रमा सार्वजनिक निजि साझेदारी अवधारणा अनुसार सुविधा सम्पन्न सपिङ्ग कम्पलेक्स सहितको भ्यू टावर तथा घण्टा घरको निर्माणका लागि आगामी आ.व.मा DPR तयार गरि DPR अनुसार सुविधा सम्पन्न सपिङ्ग कम्पलेक्स सहितको भ्यू टावर तथा घण्टा घरको निर्माण गरिने छ ।
- नेतुवा ताल, जोखरतार, तिल्केताल, बेलाताल, वेहडाबाबाताल, चौफेरीताल, सुन्दरीताल र नथनीताल/कथनीताल लगाएत विभिन्न वडामा रहेका तालहरुलाई पर्टकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- धनगढी उप-महानगरपालिका वा.नं. ३ को आर्दश सामुदायक वनमा जडिवुटी खेतीको प्रारम्भ गरि सोही वनमा Birding Picnic Spot निर्माण गर्ने कार्यको थालनी गरिने छ ।
- पर्यटन प्रवर्द्धनका लागि होमस्टेको नीति प्रवर्द्धन गरिने छ ।
- भादा होमस्टेलाई थप प्रवर्द्धन गरि आन्तरिक तथा बाह्य पर्यटनहरुको आकर्षक केन्द्रको रुपमा विकास गरिने छ।
- थारु संग्रहालयको प्रवर्द्धनको कार्यलाई निरन्तरता दिईने छ ।
- धनगढी उप-महानगरपालिकाको नेपाल भारत सिमा क्षेत्रमा रहेको गौरीफंटा नाकामा पर्यटन प्रवर्द्धनका लागि स्थानीय मौलिकतामा आधारित स्वागत द्वार निर्माण गरिने छ ।

## उद्योग तथा बाणिज्य

- "सवैको साथ नगरको विकास" नारा लिई समग्र नगरको विकास गर्ने नीति लिईने छ

- धनगढी सिटी हल तथा फूलबारी कोल्ड स्टोरको निर्माण प्रकृया अगाडी बढीसकेकोले हस्तान्तरण भै सके पछि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार संचालनमा ल्याइने छ ।
- बसपार्क टर्मिनल भवनमा एउटा Tourism Information Desk को स्थापना गरिने छ ।
- स्वदेश तथा विदेशमा निर्यात हुने उत्पादित बस्तुमा स्थानीय करमा छुट दिने नीति अवलम्बन गरिने छ ।
- नगरक्षेत्र भित्र कालोवजारी, एकाधिकार, कृतिम अभाव सृजना गर्ने व्यवसायलाई कार्वाही गर्न संघीय तथा प्रदेश सारकारसँग समन्वय गरी अघि बढिने छ साथै बजार अनुगमनको कार्यलाई तिव्रताका साथ लागु गरिने छ ।
- नगरपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा संघीय सरकारको स्वीकृती लिई आन्तरिक तथा वैदेशिक सहायता लिने नीति अवलम्बन गरिने छ ।
- बैदेशीक रोजगार वर्तमान अवस्थामा युवाहरुको पहिलो रोजाई रहेकाले बैदेशीक रोजगारलाई सुरक्षित, मर्यादित, उपलब्धिमुलक र ब्यवस्थित बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- कनरी पार्क नजिक जडिवुटी प्रशोधन केन्द्र स्थापना गरि सार्वजनिक नीजि साझेदार अवधारणा अर्न्तगत संचालन गरिनेछ
- जग्गा विकास कार्यक्रम (Land Pooling) संचालनका लागि जमिनको खोजी गरि सुविधा सम्पन्न आवास योजना कार्यान्वयनका लागि RUDP संग समन्वय गरि उक्त कार्य अगाडी वढाइनेछ ।
- धनगढी उप-महानगरपालिका क्षेत्रभित्र आगामी बर्ष देखी जग्गा प्लटिङ्ग गर्दा संघीय सरकारको मापदण्डका आधारमा जग्गा प्लटिङ्गको नक्सा नगरपालिकामा पेश गरि स्वीकृत लिएर मात्र जग्गा प्लटिङ्ग गरि विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- आ.व.२०७५।०७६ मा एक घर एक सिप कार्यक्रम संचालनमा ल्याईने छ ।
- गौरीफन्टा नाकाको स्तरोन्नती गर्नका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य गरि कार्य अगाडी बढाईने छ ।
- घरेलु तथा साना उद्योग र लघु उद्यम विकास कार्यक्रमलाई प्रवर्द्धन गर्ने नीति लिईने छ ।
- Airport आगमन स्थलमा स्वागत गेटको निर्माण गरिने छ ।

**सहकारी**

- सहकारी क्षेत्रलाई प्रर्वद्धन र विकास गरी सहकारीको मूल्य मान्यता र सिद्धान्तमा आधारित सहकारी संस्थाहरुको स्थापना मार्फत विभिन्न समुदायमा रहेको पूंजी र सीप, परम्परागत ज्ञानलाई समेत उपयोगमा ल्याई आर्थिक विकासमा टेवा पुर्‍याउने नीति लिईनेछ ।
- विषयगत सहकारीहरु, कृषि, फलफूल, तरकारी उपभोक्ता सहकारीहरुको विकासका लागि उप महानगरपालिकावाट सहुलियतको व्यवस्था मिलाईने छ ।

## २. सामाजिक विकास तर्फ :

- धनगढी उप महानगरपालिकाका मानवता र सामाजिक न्याय तथा सदभावको शहर निर्माण गर्न जागरण अभियान सञ्चालन गरिने छ ।
- हिंसामा परेका महिलाहरुको सुरक्षालाई मध्यनजर गरी त्यस्ता महिलाहरुका लागि अस्थायी आवासका रुपमा पुर्नस्थापना गृहको स्थापना गरिने छ ।
- नगर क्षेत्रभित्र रहेका श्रर्मिकहरुको आवश्यकता अनुसार क्षमता अभिबृद्धि गरिने छ ।
- आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडी परेका महिला बालबालिका, दलित, ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सुधारमा जोड दिईनेछ ।
- सामाजिक परिचालनका माध्यमवाट गरिवी न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गर्दै यस क्षेत्रमा सरकारी तथा गैर सरकारी संघ संस्थाहरु बीच कार्यक्रम सञ्चालनमा समन्वय, सहकार्य तथा नियमन गर्ने कार्य गरिनेछ ।
- ज्येष्ठ नागरिकलाई सम्मानपूर्ण जीवनयापन गर्ने व्यवस्थाका लागि सुविधा सम्पन्न ज्येष्ठ नागरिक आश्रम स्थल निर्माण गरिने छ ।
- मानसिक तथा बौद्धिक अपाङ्ग भएका ब्यक्ति,दुर्ब्येशनि, कुष्ठरोग,HIV AIDS बाट संक्रमित भएकाहरुका लागि मनोपरामर्शको माध्यमबाट सीपमूलक तालिम आयोजनका गर्नुका साथै अपाङ्ग ,कुष्ठरोग प्रतिको समाजिक दृष्टिकोणमा परिवर्तन ल्याउन विभिन्न सचेतनाका कार्यक्रम संचालन गरिने छन ।
- लागु औषध नियन्त्रणका लागि आवश्यक पहल गरिने छ ।

- युवाहरुलाई स्वरोजगार मूलक तालिम तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छन ।
- गरिव, विपन्न, दलित, मुश्लिम, खस, आर्य, थारु, जनजाति तथा आदिबासी, अल्पसंख्यक र पिछाडिएको वर्ग तथा समुदायका महिलाहरुका लागि लोक सेवा प्रवेश परीक्षाका तयारी कक्षा सञ्चालन गरिने छ ।
- लक्षित महिलाको शसक्तिकरणको स्तर हासिल गर्नका लागि महिला विकास कार्यक्रम, बन्चितिमा परेका महिलालाई मूलप्रभाहिकरण, समावेशिकरण र सशक्तिकरण गरी लैंगिक समानता, नेतृत्व विकास, प्रजनन स्वास्थ्य, जीवनउपयोगी शिक्षा, संस्थागत सहभागीताका लागि आवश्यक कार्यक्रम संचालन गरिने छन ।
- प्रत्येक वडामा उद्यमी सिप विकास गृहको स्थापना गरि महिला उद्यमी उत्पादनमा विषेश जोड दिईने छ ।
- निरपेक्ष गरिबीको रेखामुनि रहेका दलित, मुक्त कमैया, अति विपन्न वर्ग तथा द्वन्द्व पिडित समुदायका लागि सामुहिक आयमुलक तालिम दिई ब्यावसायिक बनाउने नीति लिईने छ ।
- "वालवालिका, किशोर किशोरीसँग उपमेयर" कार्यक्रम सञ्चालन गरि नगर क्षेत्र भित्रका वालवालिका तथा किशोर किशारीहरुको क्षमता अभिबृद्धि गर्नु साथै लागु औषध, वालविवाह, छुवाछुत जस्ता सामाजित विकृति तथा कुरीतिको विरुद्धमा सचेना र जागरण अभियान संचालन गरिनेछ ।
- यस नगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्ने गैह्र सरकारी (NGO) र अन्तराष्ट्रिय गैह्र सरकारी (INGO) संस्थाहरु संग समन्वय गरि नगरसभामा आफ्नो वार्षिक योजना, कार्यक्रम तथा वजेट पेश गर्न लगाई, संस्था सूचिकृत गर्ने र गै.स.स. द्वारा वार्षिक रुपमा संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- विदेशबाट फर्केका युवाहरुको सीप प्रमाणीकरण गरि त्यस्ता युवाहरुलाई सम्बन्धित क्षेत्रमा ब्यवसाय सञ्चालन गर्न आवश्यक सहयोग गरिनेछ ।
- धनगढी उप-महानगरपालिका क्षेत्र भित्र हुने महिला हिंसा लगायत चेली वेटी बेचविखन जस्ता गैर न्यायिक कार्यहरुलाई रोक्न विशेष पहल गरिने छ ।
- धनगढी उप-महानगरपालिकाको गेटामा रहेको SOS वालग्राम लगायत पारिवारिक संरक्षणबाट वञ्चित वालवालिकाहरुको संरक्षण गर्ने क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थालाई प्रोत्साहन गरिने छ ।
- दलित लगायत विभिन्न जात जातिका परम्परागत पेशागत कार्यलाई निरन्तरता दिन समयसापेक्ष सिप विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- विभिन्न लक्षित वर्गहरुको क्षमता अभिबृद्धिका लागि क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- आ.व. २०७५।०७६ देखि किशोर बम विकास पत्रकारिता पुरस्कार रु ५१,०००।को ब्यवस्था गरिने छ ।
- बैदेशिक रोजगारमा जाने नेपाली कामदारको बैदेशिक रोजगार यात्रालाई सुरक्षित र उपलब्धिमूलक बनाउने तथा उनीहरुको कमाई र परिवारको सुरक्षा गर्ने नीति लिईने छ । साथै बैदेशिक रोजगारीमा जानेहरुको तथ्याङ्क संकलन समेत गरिने छ ।
- धनगढी उप महानगरपालिकाको नगर प्रोफायल तयार गरिने छ ।

## शिक्षा तर्फ

- विद्यालय उमेरका वालवालिकालाई 'भिकाउ, सिकाउ, टिकाउ र विकाउ' को अवधारणा अनुसार अनिवार्य तथा निःशुल्क गुणस्तरीय आधारभुत शिक्षाको सुनिश्चितता गर्दै आधारभुत शिक्षा पुरा गरेकालाइ माध्यमिक शिक्षाको पँहुच सुनिश्चित गरी सवै प्रकारका वालवालिकालाइ विद्यालय शिक्षावाट वन्चित हुन नपर्ने वातावरण सुनिश्चित गरीने नीति लिईने छ ।
- "असहाय र विपन्न संग मेयर" कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयमा अध्ययनरत असहाय र विपन्न वालवालिकालाइ मासिक रुपमा स्टेसनरी एवं आवश्यकता अनुसार विद्यालय पोशाक उपलव्ध गराइने छ ।
- एक वडा एक नमूना सामुदायिक विद्यालय स्थापना नीति अवलम्बन गर्ने र आ.व.२०७५।०७६ मा एउटा विद्यालयको छनौट गरि कार्यक्रमहरु लागु गरिने छ ।
- अपाङ्गलाई नमूना आवासिय विद्यालयको स्थापना गर्ने कार्यलाई अगाडी बढाईनुका साथै विद्यालयमा अपाङ्गमैत्री वातावरण सिर्जना गरिने छ ।
- माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक तथा ब्यवसायिक शिक्षा पद्दतिलाइ प्राथमिकता दिईने छ ।
- सवै सामुदायिक विद्यालयमा अंग्रेजीका अतिरिक्त गणित र विज्ञान विषयलाइ समेत अंग्रेजी माध्यममा पढाउने व्यवस्थाका लागि आवश्यक पहल गरीने छ ।
- "छात्रामैत्री विद्यालय वातावरण" विशेष कार्यक्रम लागु गरिने छ ।

- मेयर कप फूटबल प्रतियोगिताको आयोजना गरिनुका साथै नगर क्षेत्रमा खेलकुद क्षेत्रलाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरिने छ।

**स्वास्थ्य**

- "योग गरौं स्वस्थ बनौ" भन्ने नाराका साथमा प्रत्येक वडामा योग शिविर संचालन गरिने छ साथै प्रत्येक वडामा योग साधना केन्द्रको स्थापना समेत गरिने छ।
- नगरका विद्यालयमा स्वास्थ्य सम्वन्धि शिविरहरु थप अन्य सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिने छन्।
- ध.उ.म.न.पा.का. सबै वडामा आयूर्वेद स्वास्थ्यकर्मीको व्यवस्थापन तथा आयूर्वेद औषधी निशुल्क रुपमा उपलब्ध गराईने छ।
- नगरबासीको छिटो छरितो स्वास्थ्य उपचारका लागी २ वटा एम्बुलेन्स आ.ब.२०७५।०७६ मा खरिद गरि संचालनमा ल्याईने छ।
- हालसम्म गरिब असाहाय तथा आर्थिक अबस्था कमजोर भएका ब्यक्तिलाई निशु:ल्क रगत उपलब्ध गराउदै आएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ र निशु:ल्क रगत बितरण कार्यलाई प्रभावकारी बनाउन रगत दातालाई रेडक्रसको सिफारिसमा फलफूलको जूस वितरण गर्ने जस्ता कार्यक्रमहरु संचालन गरिने छ।
- महिला स्वास्थ्यको सम्वेदनशिलतालाई ध्यानमा राखि नगरका विभिन्न वडाहरुमा स्वास्थ्य सम्वन्धि सचेतना कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरी समय समयमा विशेषज्ञ स्तरिय स्वास्थ्य शिविरहरु सञ्चालन गरिने छ।
- संविधान तह मौलिक अधिकारका रुपमा रहेका स्वास्थ्य सम्वन्धि अधिकारलाई सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवाहरु सबै नगरबासीमा पुर्‍याउनका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ।
- नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न स्वास्थ्य केन्द्र तथा अस्पतालहरुमा Electronic Medical Record (EMR) प्रणाली लागु गरिने छ।
- थारु जातिमा देखिने सिकलसेल इनिमिया रोगको पहिचान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरि त्यस किसिमका बिरामीका लागी औषधी उपचारको ब्यबस्था गरिनेछ।
- संघीय सरकार तथा प्रादेशिक सरकारसँग समन्वय गरि प्रदेश नं. ७ को एक मात्र ठूलो अञ्चल अस्पतालाई प्रादेशिक अस्पतालको रुपमा स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ।
- समाजिक बिमा योजना कार्यक्रमलाई थप व्यवस्थित गरि पूर्ण रुपमा बिमा कार्यक्रम संचालन गरिनेछ।
- जनस्वास्थ्य प्रवर्द्धनका लागि स्वय सेविकाहरुलाई थप परिचालन र व्यवस्थित गर्न आवश्यक सुविधामा बृद्धी गरिने छ।

**संस्कृति प्रवर्द्धन**

- नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ।
- बहुल संस्कृति एवं सम्पदाहरुको संरक्षण सम्बर्द्धन गर्दै मौलिक संस्कृतिको जर्गेना गर्दै सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने र सबै समुदायको धार्मिक र सांस्कृतिक मूल्य मान्यताको अभिबृद्धि गर्ने वातावरण सिर्जना गर्ने नीति लिईने छ।
- आ.व. २०७५।०७६ मा राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरु सँग भगिनी सम्वन्ध कायम गर्ने निति अवलम्बन गरिने छ।
- नगरपालिकाको पार्श्व चित्र (Profile) तयार गर्नेका लागि क्षेत्रीय शहरी विकास आयोजनाको सहयोगमा कार्य अगाडी बढी सकेकोमा सो पार्श्व चित्र आ.व.२०७५।०७६ मा तयार गरिने छ।

## ३. पूर्वाधार विकास तर्फः

- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि मर्मत संभार कोषको व्यवस्था गरिएको छ भने निर्माण भैसकेका सडकहरुको स्तरोन्नती गर्दै लगिनेछ।
- बिषेश गरी शहरी क्षेत्रमा सडक निर्माण गर्दा सर्बप्रथम पक्की नाली निर्माण गरेर मात्र कालोपत्रे सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ साथै फुटपाथ सहितको शहरी सडकको निर्माण गर्ने कार्यको थालनी गरिने छ।
- उपभोक्ता समिति मार्फत निर्माण हुने योजनाहरुमा कालोपत्रे तथा पक्की सडक निर्माण तथा मर्मत कार्यमा जनसहभागिताको लागत साझेदारीको अनुपात ८०:२० अनुसार कार्य गरिने छ भने ग्राभेल, माटो फिलिङ्ग जस्ता कार्यमा ७०:३० र तटबन्धन, ईट्टा, ढुङ्गाबाट भवन निर्माणमा जनसहभागिताका लागत साझेदारी ९०:१० को अनुपातमा गर्ने कार्यलाई निरन्तरता दिईने छ।

- आ.ब. २०७५।०७६ मा नगर यातायात गुरुयोजना (MTMP) लागु गरिनेछ ।
- उप-महानगरपालिका क्षेत्र भित्र चक्रपथ निर्माणलाई प्राथमिकता दिनुका साथै MTMP मा परेका मुख्य सडकहरुको विस्तार एवं स्तरोन्नती गरिने कार्यलाई निरन्तरता दिदै सुविधा सम्पन्न नगर यातायात सेवाका लागि नगर बस सेवा संचालनका लागि आवश्यक पहल गरिने छ ।
- धनगढी उप महानगरपालिका नगर कार्यपालिका कार्यालयले प्रदान गर्ने सेवा सुविधालाई चुस्त दुरुस्त तथा प्रभावबारी सेवा प्रदान गर्न हालको संगठन संरचना अनुसार कार्यकक्षको अभाव भएकोले सुविधा सम्पन्न कार्यालय भवन निर्माणको थालनी गरिने छ साथै नगरपालिका वडा कार्यालयका भवन क्रमशः निर्माण गर्ने गरी यस बर्ष वडा नं. १३ र १६ मा वडा कार्यालय भवन निर्माण कार्यको शुरुवात भएको छ भने आ.ब.०७५/०७६ मा थप दुई वडामा वडा कार्यालय भवन निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।
- एकिकृत शहरी विकास योजना (IUDP) को कार्यलाई सम्पन्न गरि अन्तिम रुप दिईने छ ।
- वडा नं. ३ को चटकपुर  र विशालनगरको बीचमा रहेको नेतुवा तालमा Water park निर्माण कार्यको DPR तयार भई सकेकोले DPR अनुसारको कार्यलाई अगाडी बढाईनेछ ।
- भू-उपयोग नीति अवलम्बन गर्दै नगरपालिका क्षेत्रमा रहेका अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्न अध्ययन गरिनेछ भने लालपुर्जा तयार भैसकेका जमिनको लालपुर्जा वितरण गर्ने कार्यको थालनी गरिने छ ।
- ध.उ.म.न.पा.को १७ वटा वडामा खानेपानी आयोजना शुरु गरिएको छ भने आगामी दिनमा अन्य वडाहरुमा पनि शहरी खानेपानी आयोजना शुरु गरिदै लगिने छ ।
- अपाङ्गमैत्री भवन निर्माण,वालमैत्री भवन निर्माण र Child Care Center वनाउन आवश्यक पहल गरिने छ ।
- पाँच लाख भन्दा कम लागतका योजनाहरुको सम्झौता, जाँचपास र फरफारक गर्ने काम वडा कार्यालयबाटै हुने व्यवस्था मिलाईने छ ।
- सार्वजनिक विकास निर्माणको कार्यलाई समय भित्रै सम्पादन गर्न स्वीकृत योजना बमोजिम त्यसको ठेक्का बन्दोबस्त गर्ने कार्यलाई व्यवस्थीत तथा पारदर्शी बनाउने, कार्यसम्पादन नगरी ठेक्का अवधि लम्ब्याउने, शुरुको स्वीकृत रकममा अनावश्यक थप व्यय भार पार्ने र अन्त्यमा विभिन्न बहानामा कार्यसम्पादन नहुने प्रवृतिको अन्त्य गर्ने व्यवस्था मिलाईने छ ।
- नगरपालिकामा सरकारी, गैरसरकारी तथा निजी घर, भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई निर्माण व्यवसायी समिति सँगको सहकार्यमा भवन निर्माण सम्बन्धी तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- सार्वजनिक विकास निर्माणको कार्यलाई समय भित्रै कार्य सम्पादन नगर्ने निर्माण व्यवसायीलाई कार्यविधि बनाई साविकको काम सम्पन्न गरेर मात्र थप नयाँ काममा सहभागी हुने व्यवस्था मिलाईनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने  भवनहरुमा  सौर्य उर्जा प्रविधि तथा बर्षाको पानि संकलन प्रविधि जडान गर्नका लागि प्रोत्साहन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्गमैत्री वालमैत्री बनाउनका साथै बनी सकेका भवनहरुमा पनि अपाङ्ग मैत्री, बाल मैत्री बनाउन प्रोत्साहन गरिनेछ ।
- धनगढी उप-महानगरपालिकाका कच्ची सडकहरुलाई ग्रेभल सडक सहित खाल्डा खुल्डी मुक्त उप महानगरको परिकल्पना सहितका कार्यको थालनी गरिने छ ।।
- नगर क्षेत्रभित्र सडक किनारामा रहेका निजि स्वामित्वका भौतिक संरचनाहरुको केहि भाग सडक विस्तारका क्रममा सडको अधिकार क्षेत्र भित्र पर्न गएको खण्डमा स्वयं घरधनीले भौतिक संरचनाहरु भत्काएमा उक्त घर धनीको घर नक्सापास शुल्क तथा एकिकृत सम्पत्तिकर मिनाहा गरिने छ र त्यस्ता घर धनीहरुको सम्मान सहित घरको मोहडामा रंगरोगन समेत गरिदिने व्यवस्था मिलाईनेछ ।
- धनगढीको गेटामा रहेको विमान स्थललाई अर्न्तराष्ट्रिय विमान स्थलका रुपमा निर्माण तथा सञ्चालन गर्न संघीय सरकार तथा प्रादेशिक सरकारसँग आवश्यक पहल गरिने छ ।
- संघीय सरकार तथा प्रादेशिक सरकारसँग समन्वय गरि धनगढी स्थित फाप्ला क्रिकेट मैदानलाई अर्न्तराष्ट्रिय स्तरको क्रिकेट मैदान वनाउन पहल गरिने छ ।
- धनगढी उप-महानगरपालिका सम्पूर्ण वडाहरुमा वालविकास केन्द्र स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन वडा तह सम्म योजना तर्जुमा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- योजनाहरुको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन पूर्वनै आवश्यक तालिम प्रदान गर्ने कार्यलाई निरतन्तरता दिईनेछ।
- सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई स्रोत साधनले सम्पन्न गरिनेछ ।
- एक वडा एक खेलकुद मैदानको अवधारणा लिईएको छ।
- नयाँ बसपार्क निर्माणका लागि सार्वजनिक निजी साझेदारी ऐन अनुसार संचालनमा ल्याईने छ।
-

## ४. वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ :

- नगरको वातावरण स्वच्छताका लागी गत बर्ष १५ हजार बोटबिरुवा रोप्ने कार्य सम्पन्न भैसकेको छ भने आगामी आ.ब.मा विभिन्न जातका १५०,००० (एक लाख पचास हजार) बोटबिरुवाहरु रोप्ने कार्यक्रम अगाडी वढाईनेछ।
- नगर क्षेत्र भित्रका मुख्य सडकहरुको दायाँ बाँया हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण तथा संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- घरबाट निस्कने जैविक फोहोरबाट वायोउर्जा तथा मल उत्पादन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- खोलानालाको किनारामा भएको अतिक्रमण हटाई खालि जग्गामा साईकल पथ तथा हरियाली पार्क निर्माण कार्यको थालनी गरिनेछ।
- यस उप-महानगरपालिका ग्रामिण क्षेत्रहरुमा वायोग्यासको सान्दर्भिकता सम्वन्धि जनचेतना जगाई गोवर ग्यास प्लान्टमा अनुदानको व्यवस्था गरिने छ।
- मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गर्नका लागि पार्किङ्ग स्थलको व्यवस्था गर्न ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन दुई वटा स्थानमा पार्किङ्ग स्थलको थालनी गरिएको छ भने बाँकी स्थानमा समेत पार्किङ्ग स्थलको निर्माण गर्ने कार्य थालनी गरिने छ।
- बिभिन्न वडामा नदि कटान रोक्न जैविक तटबन्धनको ब्यबस्था गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- फोहर प्रशोधन केन्द्रका लागि आवश्यक जग्गा खरिद गरि क्षेत्रीय शहरी विकास आयोजनाको सहयोगमा उक्त प्रशोधन केन्द्रको निर्माण कार्यलाई अगाडी बढाईने छ।
- धनगढी उप-महानगरपालिका क्षेत्रभित्र चिडिया घर (ZOO) निर्माण गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- धनगढी उप-महानगरपालिका क्षेत्र भित्र प्राकृतिक प्रकोप तथा विपत व्यवस्थापनका लागि विपत व्यवस्थापन सम्वन्धि गुरुयोजना २०७० अनुसार कार्य गरिने छ।

## ५. सुशासन तथा संस्थागत विकास तर्फः

### मानव संसाधन विकास

- र्कचारीहरुको मनोवल उच्च राख्न तथा उहाँहरुको कार्यको प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत गरिने कार्यलाई निरन्तरता दिईनेछ।
- जननिर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न तालिमहरु तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ।
- निर्वाचित जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई विकास निर्माणका कार्य लगाएत अन्य प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय अवलोकन भ्रमणको व्यवस्था गरिने छ।
- स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई आवश्यक वृति विकासका अवसरहरु उपलव्ध गराईने छ।

### संस्थागत क्षमता विकास

- "न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो" भन्ने कानूनी सिद्धान्तलाई अंगिकार गर्दै धनगढी उ.म.न.पा.को न्यायीक समितिबाट छिटो छरितो र सर्वशुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनेछ।
- नेपालको सम्विधान २०७२ को धारा २१७ ले प्रदत्त गरेको स्थानीय तहको न्यायीक अधिकार अन्तरगत धनगढी उ.म.न.पा.मा न्यायीक समिति गठन भई न्याय सम्पादनको कार्य शुरु भईसकेको छ भने आ.व. २०७५/०७६ भित्रै अपाङ्ग, महिला, वालमैत्री इजलास खडा गरि न्याय निरोपणको कार्यको थालनि गरिनेछ।

- "कानूनको अज्ञानता क्षम्य हुदैन" भन्ने कानूनी सिद्धान्तलाई मध्येनजर गर्दै धनगढी उ.म.न.पा. का ग्रामिण क्षेत्रमा सर्वसाधारणमा  कानून सम्बन्धि जानकारी गराउन कानूनी सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- नगर क्षेत्रका सबै वडाहरुमा विवाद निरोपण गर्न मेलमिलाप केन्द्र स्थापना गरि मध्येस्थताको समेत व्यवस्था गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन २०७४ को आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अन्तरिम दरबन्दि तेरिज अनुसारका दरबन्दि स्वीकृत गरि सोको आधारमा कर्मचारीहरुको माग संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सँग समन्वय गरि कर्मचारीहरुको उचित व्यवस्थापन गरिने छ ।
- पारदर्शी जवाफदेही स्वच्छ एवं सदाचारयुक्त प्रतिस्पर्धी भ्रष्टाचार विरुद्ध शुन्य शून्य सहनशिलता परिणाममुखी जनसहभागीता मूलक ब्यवस्था नतिजामूलक परिसूचक निर्धारण गरि प्रभावकारी अनुगमन सहितको ब्यवस्थाको नीतिलाई अंगिकार गरिनेछ ।
- उप-महानगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानमा थप CCTV जडान गरी सुरक्षा व्यवस्थालाई चुस्त दुरस्त थप प्रभावकारी बनाउन सहयोग पुऱ्याईनेछ ।
- लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार अन्य गा.पा. तथा न.पा. हरुसँग साझेदारी, सम्झौता संयुक्त व्यवस्थापनमा उपयुक्त कार्यहरु गर्न सकिने छ ।
- धनगढी उप-महानगरपालिकाका  नगरबासीहरुलाई सूचनाको हकको प्रत्याभूति गरि सूचनाको हक मैत्री बनाईने छ  ।
- नगरका प्रत्येक वडामा प्रहरी विटको स्थापना गरि शान्ती सुरक्षा थप प्रभावकारी वनाउन पहल गरिने छ ।

## राजश्व परिचालन

अब म कर दाता, आम नागरिक र लगानी कर्ताले अपेक्षा गरेको व्यवहारिक कर प्रणालीलाई आत्मसाथ गर्ने आगामी आ.व. २०७५/०७६ को राजश्व परिचालन सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

- स्थानीय तहको वित्तिय अधिकार सम्बन्धी व्यवस्थाको पुर्ण रुपमा पालना गर्दै बित्तिय प्रशासन सुधारका लागी व्यावसायीक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्च परिचालनका दायरा वढाउन राजश्व सम्बन्धि अध्ययन गरिने छ । करका दायरा फराकिलो गरी न्युनतम करको दर बाट बढी राजश्व संकलन गर्ने ।
- उत्पादन मूलक तथा व्यवसायिक क्रियाकलापमा सहयोग पुग्ने गरी स्थानीय तहबाट प्रदान गरिने ईजाजत तथा दर्ता प्रणालीलाई सरलीकृत गरिनेछ ।
- वक्यौता करहरु उठाउन वडा समितिका सदस्यको संयोजकत्वमा समिति गठन गरि वडा स्तरमा व्यापक रुपमा राजश्व परिचालन गरिने छ ।
- मनोरन्जन करलाई आगामी आ.व. २०७५/०७६ देखि नियमित र व्यवस्थित रुपमा संकलन गर्न बिक्री भएको टिकटको आधारमा मनोरन्जन कर लिने नीति अंगिकार गरिने छ ।  विगत वर्षहरुको मनोरन्जन कर पनि यही प्रणाली बाट असुल उपर गरी मनोरन्जन करको वक्यौता उठाईने छ ।
- घर वहाल कर संकलन गर्न आन्तरिक राजश्व कार्यालयसँग समन्वय र सहकार्य गरि दुबैको सहयोगमा आन्तरिक राजश्व कार्यालयमा सहायता कक्ष स्थापना गरि घर वहाल कर उठाउने कार्यलाई व्यवसायिक कर उठाउने प्रणाली संग आवद्धता गरिने छ । आगामी आ.व. देखि घर वहाल कर १० प्रतिशत मात्र लिईनेछ ।
- एकिकृत सम्पति कर प्रणालीलाई समय सापेक्ष बनाउन र मालपोतको घरजग्गा रजिष्ट्रेशन शुल्कका लागी कायम गरेको जग्गाको तथा घरको मुल्याकंन दरलाई एकिकृत सम्पती कर प्रणालीका लागि निर्धारण गरिने नीति लिइने छ । आ.व. २०७५/०७६ मा प्रदान गरिएको १५ प्रतिशत छुट रकमलाई सम्पति करको दरमा मिलान गरिने नीति लिइएको छ । आ.व. २०७५/०७६ देखि यस उप-महानगरपालिका वडा नं. १४, १५, १६ १७, १८ र १९ मा समेत एकिकृत सम्पति कर प्रणाली लागु गरिने छ ।
- वडा स्तरबाट राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन वडाका कर्मचारी र जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि तथा सवै वडालाई सूचना प्रविधिबाट Linkage गरिने नीति लिईने छ ।
- आन्तरिक आय आ.व. २०७५/०७६ मा १२ कराड ५० लाख उठाउने लक्ष्य लिएका छौ । आ.व. २०७५/०७६ मा आन्तरिक आय ९ कराड ७९ लाख उठाउने लक्ष्य राखिएको थियो । आ.ब. २०७५/०७६ को जेष्ट मसान्त सम्म ८ करोड २४ लाख उठिसकेकोछ । यो यथार्थ ८५ प्रतिशत रकम हो । आ.व. २०७५/०७६ को तुलनामा हामी आन्तरिक आय १४३ प्रतिशतले बढी उठाउने छौ ।

- प्राकृतिक श्रोत करको दर र प्रकृया प्रदेशले निर्धारण गरे वमोजिम धनगढी उप-महानगरपालिका क्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थल बाट वालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिने छ ।
- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ मा उल्लेख भए अनुसार प्रदेश र नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्र पर्ने विषयमा कर निर्धारण गर्ने प्रकृयालाई आपसी समन्वयमा व्यवस्थित र पारदर्शी बनाईने नीति लिईएको छ ।
- यस धनगढी उप-महानगरपालिकामा विगत लामो समय देखि पेश्कि फेछ्र्यौट हुन नसकेकोले आ.व. २०७५।०७६ मा पेश्कीलाई शुन्यमा झारिने छ ।

## सूचना तथा सञ्चार प्रविधि

- सूचना संचार र प्रविधिमा सबै नगरबासीहरुको पहुँच पुर्याउन प्रभावकारी दूर संचार सेवाको बिस्तार गर्दै सवै वडा कार्यालय सम्म Optical Fiber विछ्याउने कार्य तिव्रताका साथ अगाडी वढाईने छ ।
- संचार क्षेत्रको विकास तथा प्रबर्द्धन गर्ने नीति लिईने छ ।
- समुदायहरुलाई सूचना तथा संचार प्रविधिको अर्थपूर्ण प्रयोगमा सक्षम बनाउन यस आर्थिक वर्षमा दुई वटा तथा नगरपालिकामा सूचना प्रविधि केन्द्रहरु (Techno Hub) को स्थापना भएको र आगामी आ.व. मा पनि थप वडाहरुमा सूचना प्रविधि केन्द्रहरुको (Techno Hub) स्थापना गरी डिजिटल साक्षरता सम्बन्धी कार्यक्रम लागु गरिने छ ।
- धनगढी उप-महानगरपालिकाको विद्युतीय सुशासन सम्बन्धी क्रियाकलापहरु खुला सरकार (open government) को अवधारणाबाट निर्देशित रही सूचना तथ्यांकहरु विभिन्न माध्यमबाट विश्लेषण गर्न सकिने स्वरूप (format) मा उपलव्ध गराउने व्यवस्था गरिने छ ।
- कृषि प्रविधि र बजार मुल्य सम्बन्धी सूचना प्रणाली (Integrated Agriculture Information System) को विकास गरिने छ ।
- घर नक्सा प्रक्रियालाई सहज बनाउन विद्युतीय प्रणाली (Electronic Building Permit System- EBPS) लागु गरिने छ
- धनगढी उप-महानगरपालिकामा संचालन हुने विभिन्न विकास योजनाहरुको सरकारी तथा नागरिक तह बाट अनुगमन प्रणाली प्रभावकारी बनाउन विद्युतीय प्रणाली (mobile application) को विकास गरी लागु गरिने छ ।
- धनगढी उप-महानगरपालिका क्षेत्र भित्र E-library स्थापना गरिनेछ ।
- धनगढी उप-महानगरपालिका क्षेत्रमा सार्वजनिक निजि साझेदारी (PPP)को अवधारणा बमोजिम अध्ययन, अनुसन्धान र परामर्श केन्द्रको (Incubation Center) स्थापनाको पहल गरिनेछ ।
- धनगढी उप-महानगरपालिका लाई smart city मा रुपान्तरण गर्न आवश्यक कार्य अगाढी बढाइने छ साथै यस आ.व. मा पारिवारिक विवरण संकलन गर्ने कार्यको सुरुवात गरिनेछ ।
- धनगढी उप-महानगरपालिकाको सम्पूर्ण वडाहरुको श्रोत नक्सांकन (GIS Map) र house numbering कार्यको थालनी गरिने छ ।

**नगर सभाअध्यक्ष ज्यू**

**अब म आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**आ.व. २०७४/०७५ को असार पहिलो हप्ता सम्म यथार्थ विवरण :**

आ.व. २०७४/०७५ मा कुल आय रु १अरब ११ करोड ९६ लाख ६२ हजार मध्ये आन्तरिक स्रोतबाट रु ८ करोड ३३ लाख ७९ हजार बाह्य श्रोतबाट रु १ अरब ३ करोड ६२ लाख ८३ हजार र बैङ्क मौज्दात रु १ करोड ३२ लाख ८७ हजार रहेको थियो । त्यस्तै गरी कुल खर्च रु.७८ करोड ९८ लाख ८३ हजार मध्ये चालु खर्च रु २१ करोड ८३ लाख ३४ हजार र पूँजिगत खर्च ५७ करोड १५ लाख ४९ हजार भएको थियो । चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु १५ करोड १८ लाख ४६ हजार समेत समावेश गरिएकोछ ।

**आगामी आ.ब.२०७५/०७६को प्रस्तावित आय/ व्यय विवरण :**

यस नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ का लागि कुल आय रु. १ अर्व ७९ करोड ३४ लाख रहेको छ भने कुल खर्च मध्ये चालु खर्च तर्फ रु ८० करोड ४९ लाख र पुँजीगत खर्च रु. ९८ करोड ८५ लाख रहेकोछ । चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. १६ करोड समेत समावेश गरिएकोछ, जसले गर्दा चालु खर्च बढी देखिन आएकोछ ।

**कुल आय तथा व्ययको श्रोत/क्षेत्रगत विवरण :**

**आय तर्फः**

आन्तरिक आय रु. १३ करोड ८५ लाख, वित्तिय सामानिकरण रु.२८ करोड ११ लाख २१ हजार, राजश्व बाडँफाड ५९ करोड २ लाख ९२ हजार सशर्त अनुदान ३६ करोड २ लाख सामाजिक सुरक्षा कार्यक्रम रु. १६ करोड, सडक वोर्ड नेपाल रु. १ करोड, बैकल्पिक उर्जा कार्यक्रम रु. १ करोड, सिमा क्षेत्र विकास कार्यक्रम रु. १ करोड, क्षेत्रीय शहरी विकास आयोजना रु. ५ करोड नगर विकास कोष अनुदान तथा ऋण १ करोड,समपुरक कोष अनुदान संघीय सरकार ५ करोड बिशेष अनुदान संघीय सरकार ५ करोड प्रदेश सरकार समपुरक कोष अनुदान ३ करोड , प्रदेश सरकार बिशेष अनुदान ३ करोड अन्य आय १ करोड ३२ लाख ८७ हजार गरी जम्मा रु. १ अर्व ७९ करोड ३४ लाख आयको अनुमान गरिएको छ ।

**व्यय तर्फ :**

चालु खर्च तर्फ सशर्त अनुदान रु ३६ करोड २ लाख, समाजिक सुरक्षा रु १६ करोड अन्य चालुमा रु २८ करोड ४७ लाख गरि जम्मा रु ८० करोड ४९ लाख खर्च अनुमान गरिएकोछ ।

यसै गरि पूँजीगतमा क्षेत्रीय शहरी विकास आयोजना तर्फ रु ५ करोड २५ लाख नगर विकास कोष कार्यक्रम तर्फ रु १ करोड १० लाख सडक बोर्ड नेपाल तर्फ रु १ कराड ४० लाख, सिमा क्षेत्र विकास कार्यक्रम तर्फ रु १ करोड, बैकल्पिक उर्जा तर्फ रु १ करोड ४० लाख र अन्य पूँजीगत तर्फ ८८ करोड ७० लाख विनियोजन गरिएको छ ।

खर्च तर्फ योजनागत विस्तृत विवरण नगरसभाबाट पारित भै सके पछि सार्वजनिक गरिनेछ ।

**नगर सभाअध्यक्ष ज्यू !**

नीति तथा बजेट कार्यक्रम योजना तर्जुमा गर्ने सन्दर्भमा संघीय सरकार तथा माननीय सांसद ज्यूहरु ,प्रदेश सरकार, तथा माननिय सभासदज्यू ,सम्पूर्ण राजनैतिक दलका प्रतिनिधीज्यू बाट प्राप्त सुझाव,सहयोग तथा प्रेरणा प्रति आभार प्रकट गर्दछु । हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सुझाव दिनु हुने नगरकार्यपालिका सदस्यज्यूहरू, बिभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त ब्यक्तित्व ज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । बजेटको सिद्धान्त र प्राथमिकतामा ब्यापक छलफल गरि प्रत्यक्ष अप्रत्यक्ष रुपमा सुझाव दिनु हुने नगरपालिकाका कर्मचारी साथीहरु विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरू,करदाता,उद्यमी,ब्यापारी,समाजसेवी,ज्येष्ठ नागरिक, पत्राकार महोदय, सम्पूर्ण गैर सरकारी संस्थाहरु एवं सम्पूर्ण महिला तथा सज्जनवृन्दहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत नीति तथा बजेट कार्यक्रम योजना कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्ग दर्शनको रूपमा लिएर धनगढी उप महानगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सहयोग निरन्तर रहने अपेक्षा समेत गरेको छु ।

**धन्यवाद!**

**सुशीला मिश्र भट्ट**

**नगर उप प्रमुख**

दिनाङ्क २०७५ साल असार १० गते आईतबार ।

धनगढी उप महानगरपालिका धनगढी कैलाली